**फिन्ल्याण्डमा भलिबल प्रतियोगिता सम्पन्न**

खेलकुदको माध्ययमद्वारा यहाँ छरियर रहेका नेपालीहरुलाई एकत्रित गर्ने उदेश्यका साथ प्रबासी नेपाली सँघ फिन्ल्याण्डले जुलाई १८ र१९ गते भलिबल प्रतियोगिता सम्पन्न गरेको छ। उक्त प्रतियोगिताको सँयोजन बिस्वाश हमाल,बिजेन्द्र न्यौपाने, अरुण पोखरेल,सुमनखड्का, सिजन श्रेष्ठ र सुमन अर्याल सम्मिलित टोलीले गरेको थियो। प्रतियोगितामा छ समुहले भाग लिएका थिए। पहिलो दिनको खेल लिग चरणमा खेलाइयको थियो र उक्त चरणका बिजयी र रनर अपहरुलाई समेटेर दोस्रो दिन सेमीफाइनल नकआउट प्रक्रियामाखेलाइएको थियो। लिग चरणको खेल बेस्ट अफ थ्री मा र सेमी फाईनल अनी फाईनल चै बेस्ट अफ फाइभ मा खेलाइयको थियो।रुद्रावती ए र रुद्रावती बि दुबै समुह सेमिफिनलमा अबिछिन्न (३ -
०) को जित संगै फाइनल चरणमा प्रबेश गरेका थिये। फाईनल खेलमारुद्रावती बि ले रुद्रावती ए सँग लगातार ३ खेल जितेर यस बर्षको रनिङ शिल्ड हात पार्न सफल भयो। प्रतियोगितामा गोपाल भट्टराईभलिबलतर्फका उत्कृष्ट खेलाडी घोषित भएका थिय।

प्रतियोगिताका बिजयी समुहहरुलाई एन आर एन फिन्ल्याण्डका अध्यक्ष डा अरुण पोखरेल र उपाध्यक्ष देवी दत्त शर्माले संयुक्त रुपमापदक तथा प्रमाणपत्र बितरण गर्नु भएको थियो। कार्यक्रममा छोटो मन्तब्य दिंदै अध्यक्ष पोखरेलले एन आर एन फिन्ल्याण्ड अत्यन्तैशिशु अवस्थामा रहेको र आर्थिक रुपले अति कमजोर रहेकाले सोचेजस्ता कार्यक्रमहरु गर्न नसकियको येथार्थता बताउनु भएको थियो।यसका साथसाथै यहाँ रहेका सम्पुर्ण नेपालीहरुलाई एन आर एनमा आवद्ध भएर आर्थिक एबम सामुहिक रुपले शसक्त बनाइदिन अपिलसमेत गर्नु भएको थियो। आर्थिक रुपले मजबुत हुन सकेको अवस्थामा संस्थाको तर्फबाट फिन्ल्याण्ड र नेपालका लागि गर्न सकिने धैरैसम्भाब्यता समेत औल्याउनु भएको थियो।

श्रवण खनाल
हेल्सिन्की





